# स्वशासन अध्ययन प्रतिष्ठानको अठारौं साधारण सभा, २०७९ मा

कार्यकारी अध्यक्ष श्री पुरुषोत्तम नेपाल को तर्फवाट प्रस्तुत आ व २०७८/७९ को कार्यप्रगति तथा आ व २०७९/८० को **नीति तथा कार्यक्रम**

## १. पृष्ठभूमि

नेपालमा संघीय शासन पद्धतिको संस्थागत विकास गरी सार्वजनिक सेवा प्रवाहको अवस्थामा सुधार ल्याउन सकेमा मात्र राज्य संयन्त्र प्रति नागरिक विश्वास वढ्न सक्नेछ । यसको लागि स्थानीय तहको संस्थागत क्षमता विकास हुनु आवश्यक छ । राष्ट्रियस्तरमा स्थापना भै गैर-सरकारी, गैर-नाफामुलक र गैर-राजनैतिक संस्थाको रुपमा रहेको स्वशासन अध्ययन प्रतिष्ठान स्थानीय तहलाई जवाफदेही ढंगवाट सेवा प्रदान गर्न सहयोगी भूमिकामा रही कार्य गरिरहेकोछ । नेपालको सर्वाङ्गीण विकास विकेन्द्रित शासन पद्धतिबाट मात्र सम्भव छ भन्ने सिद्धान्तबाट अभिप्रेररित भई स्थानीय स्वायत्त शासन पद्धतिको मूलभूत आधारहरुको प्रवद्र्धन गर्दै स्थानीय विकास प्रक्रियामा सघाउ पुग्ने गरी विगत सत्र वर्षदेखि यस प्रतिष्ठानले आफ्ना गतिविधिहरु निरन्तर संचालन गरिरहेको छ ।

**सदस्यज्यूहरु**

अव म प्रतिष्ठानले गत आ. व. २०७८/७९ मा सम्पन्न गरेका कार्यहरुको संक्षिप्त रुप पेश गर्ने अनुमति चाहन्छु ।

## २.१ परिवर्तन परियोजना कार्यान्वयन

स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न सकेमा मात्र सार्वजनिक सेवा प्रवाहको अवस्था र गुणस्तरमा सुधार भै अपेक्षित उपलव्धि हासिल गर्न सकिन्छ भन्ने अवधारणाका साथ डोटी र अछाम जिल्लाका ६ वटा स्थानीय तहमा परिवर्तन परियोजना संचालन गरिएको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा डिसिए नेपाल, स्वशासन अध्ययन प्रतिष्ठान (INLOGOS) काठमाडौं, मालिका विकास संस्था (MDO) अछाम र समता विकास केन्द्र (EDC) डोटी को साझेदारीमा यो परियोजना संचालन भैरहेको छ । यस परियोजना अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा मुख्य रूपमा देहायका कार्यक्रमहरु सम्पन्न भएका छन्ः

### २.१.१ विषयगत समितिहरुको लागि क्षमता विकास कार्यक्रम सहजीकरण

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित कानून अनुसार स्थानीय तहको भूमिकालाई प्रभावकारी वनाई जनअपेक्षा अनुसार सार्वजनिक सेवा प्रवाह गर्न स्थानीय तहमा रहेका विषयगत समितिहरुको भूमिकालाई प्रभावकारी वनाउनु आवश्यक छ । यसै आवश्यकतालाई ध्यानमा राखि परिवर्तन परियोजनाले स्थानीय तहका विषयगत समितिहरुको क्षमता विकासमा सहयोग गर्ने कार्यक्रम वनाएको छ । जस अनुसार विषयगत समिति र कार्यपालिका सदस्यहरु संग विभिन्न चरणमा औपचारिक वा अनौपचारिक अन्तरकृया र अभिमुखिकरण गरिएको छ ।

**२.१.२ सुशासन पाठशालाको लागि स्रोत सामग्री तयारी**

स्थानीय तहको गठन, संचालन, काम, कर्तव्य, अधिकार, सार्वजनिक सेवा प्रवाह र नागरिक सहभागिता जस्ता विषयहरु समावेश गरिएको सचित्र स्रोत सामग्री तयार गरिएको छ । यो सामग्री छपाई गरी प्रत्येक सुशासन पाठशाला, सामाजिक परिचालक, स्थानीय सहजकर्ता र नागरिक समाज संस्थाहरुलाई उपलव्ध गराईएको छ । सुशासन पाठशालामा स्रोत सामग्रीको रुपमा प्रयोग भएको यो प्रकाशन चासोको विषय भएको छ ।

**२.१.३ स्थानीय तहको सार्वजनिक वित्तिय व्यवस्थापन र सार्वजनिक खर्च सोधखोज पूनर्ताजगि तालिम**

स्थानीय तहको सार्वजनिक वित्तीय व्यवस्थापन अन्तर्गत राजस्व र खर्चको अनुमान सहितको बजेट निर्माण गर्ने, बजेटको कार्यान्वयन गर्न राजस्वको असूली र सर्व सञ्चित कोषमा दाखिला गर्ने, स्वीकृत विनियोजन बजेट अनुसार अधिकार प्राप्त अधिकारीबाट कानूनको परीधिभित्र रहेर स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि खर्च गर्ने, कार्ययोजना बमोजिम वस्तु वा सेवा आपूर्ति वा सार्वजनिक निर्माणको कार्य गर्न सम्झौता गर्ने लगायतका कामहरु सम्पादन गरिन्छ । प्रतिष्ठानले परियोजना संचालन भएका स्थानीय तहहरुको लागि सार्वजनिक वित्त व्यवस्थापन र सार्वजनिक खर्च सोधखोज सम्बन्धी पूनर्ताजगि तालिम दिएको छ ।

**२.१.४ प्रदेश सरकार–स्थानीय तह समन्वय गोष्ठी**

आफ्नो संवैधानिक व्यवस्था अनुसार नेपालमा एकात्मक र केन्द्रिकृत शासन व्यवस्थाबाट संघीय ढाँचामा पुनर्संरचना भैसकेको छ । यसलाई एक महत्वपूर्ण लोकतान्त्रिक परिवर्तन मानिएको छ । तथापी, विद्यमान चुनौतिहरुको सामना गर्दै संविधानको मर्म बमोजिम स्थानीय शासन व्यवस्थालाई सार्थक बनाई जनताको जीवनस्तरमा देखिने गरी परिवर्तन ल्याउनु महत्वपूर्ण विषय हो । यसै सन्दर्भमा नेपालको संविधान र प्रचलित कानून अनुसार प्रदेश सरकार र स्थानीय तह दुवैको भूमिका रहने केही महत्वपूर्ण साझा सवालहरुको वारेमा छलफल गर्न सुदूरपश्चिम प्रदेश सरकारका ३ जना मन्त्री सहित प्रदेश सरकार, प्रदेश भित्रका स्थानीय तहका जिम्मेवार पदाधिकारीहरु, गैर सरकारी निकाय र स्थानीय तहका संघ, महासंघहरुका प्रतिनिधिहरु सहभागी भएको प्रदेश सरकार-स्थानीय तह समन्वय बैठक/गोष्ठी को आयोजना गरिएको थियो । गोष्ठीका सहभागिहरुवाट मुख्य रुपमा देहायका सुझावहरु प्राप्त भएका छन्ः

- प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयमा प्रदेश तहले ऐन वनाउदा स्थानीय तहको सहभागिता अनिवार्य गराउनु पर्दछ ।
- प्रदेश र स्थानीय तहविच समन्वय, सहयोग, सहकार्य आवश्यक छ । खासगरी साझा सवालका विषयमा समन्वय र सहजीकरण गर्न प्रदेश तहमा संस्थागत संयन्त्र वा समिति वनाउदा काममा सहज हुन्छ ।
- प्रदेश र स्थानीय तहले संयुक्त रुपमा कार्य गर्ने गरी साझा अधिकारका सवालमा आर्थिक विकास सम्वन्धी कार्य गर्न आवश्यक छ । यसको लागि साझा नीति निर्माण गर्नु पर्दछ ।

उक्त सुझावका आधारमा स्वशासन अध्ययन प्रतिष्ठानको सहयोगमा प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा कार्यान्वयन हुने कृषि उत्पादन तथा बजारीकरण नीति, २०७९ को मस्यौदा तयार भएको छ । यसलाई अन्तिम रुप दिन आवश्यक छलफल र अन्तरक्रिया भैरहेको छ ।

## २.२ स्थानीय तहको क्षमता विकास योजना तयारी

देशको संविधान तथा कानूनको परिधीभित्र रही आफ्नो अधिकारक्षेत्र भित्रको नीति, कानून, मापदण्ड, कार्यक्रम र बजेट, श्रोत साधनको परिचालन र कर्मचारीको व्यवस्थापनको स्वायत्तता तिनै तहका सरकारमा रहेको । यसले निर्वाचित सरकारहरुलाई जवाफदेही वनाउन र जनतालाई सशक्तिकरण हुने अवसर उपलब्ध गराउनुका साथै नागरिक सहभागिता जुटाइ राज्यमाथि नागरिकको स्वामित्ववोध गर्ने अनुकुल वातावरण सृजना गरेको छ । यसको लागि संस्थागत एवं मानवीय क्षमता सुदृढ हुनु आबश्यक छ ।  यसै सवाललाई ध्यानमा राखि स्वशासन अध्ययन प्रतिष्ठानले प्रदेश प्रशिक्षण प्रतिष्ठान संगको सहकार्यमा लुम्विनी प्रदेशका ९ वटा स्थानीय तहहरुको ३ वर्षे क्षमता विकास योजना तर्जुमा गरी सम्बन्धित स्थानीय तहलाई उपलव्ध गराएको छ । यो कार्य नवलपरासी -वर्दघाट-सुस्ता पश्चिम-जिल्लाको रामग्राम नगरपालिका र सरावल गाउँपालिका, रुपन्देही जिल्लाको देवदह नगरपालिका र सियारी गाउँपालिका, कपिलवस्तु जिल्लाको महाराजगंज नगरपालिका र यसोधरा गाउँपालिका, तथा रोल्पा जिल्लाको रोल्पा नगरपालिका, सुनिल स्मृति गाउँपालिका र रुन्टीगढी गाउँपालिकामा सम्पन्न भएको छ ।

## २.३ मध्यमकालीन खर्च संरचना तयारी

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने र दफा १७ मा उक्त विवरण तयार गर्दा आगामी ३ आर्थिक बर्षमा हुने सार्वजनिक खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने तथा दफा २२ मा गाउँ वा नगरसभामा राजस्व र व्ययको अनुमान पेश गर्दा त्रिबर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यी कानूनी प्रावधानहरु पालन गर्न प्रतिष्ठानले युएसएआइडी साझेदारी-सङ्घीयता सहयोग कार्यक्रमको सहकार्यमा दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका र दंगिशरण गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरेको छ ।

साथै यस कार्यलाई सहज वनाउन आवश्यक जनशक्ति विकास गर्ने क्रममा स्थानीय शासनका क्षेत्रमा कार्यरत विज्ञहरुको क्षमता अभिवृद्धि गर्न स्वशासन अध्ययन प्रतिष्ठानले आफ्नै खर्चमा मध्यमकालिन खर्च संरचना सम्बन्धी २ दिने तालिम सम्पन्न गरेको छ । उक्त तालिममा २३ जना विज्ञहरुको सहभागिता रहेको थियो ।

## २.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि र मापदण्ड तर्जुमा

नेपाल बहुप्रकोपको जोखिममा रहेको छ । देशको भौगोलिक, भौगर्भिक तथा जलवायुको अवस्थाका कारण नेपालमा धैरै प्रकारका प्रकोपका घटनाहरु हुने गर्दछन् । सामाजिक आर्थिक संकटासन्नताका, विकासका

अनुपयुक्त अभ्यास  र जलवायु परिवर्तनको कारण विपद् जोखिम बढिरहेको छ । विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, पर्याप्त पूर्वतयारी र प्रभावकारी कार्यान्वयनले विपद्बाट हुनसक्ने सम्भावित क्षति कम गर्न सकिन्छ ।

यसै सम्वन्धमा युएस्एआइडीको तयार नेपाल परियोजनाको आर्थिक सहयोगमा स्वशासन अध्ययन प्रतिष्ठानले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गृह मन्त्रालयसंगको समन्वयमा आपतकालीन कार्यसंचालन केन्द्रहरुको कार्यसंचालन कार्यविधि, २०७९, स्थानीय विपद् जोखिम न्यूनीकरणका लागि वित्त परिचालन स्रोत ) प्रवर्द्धन (व्यवस्थापनमार्गदर्शन, २०७९, आपत्कालीन प्रयोजनको लागि स्थानीय तहमा खुला क्षेत्र, हेलिप्याड तथा पानीको स्रोत पहिचान एवं व्यवस्थापन  सम्बन्धी कार्यविधि, २०७९, विपद् जोखिम व्यवस्थापनमा स्वयंसेवक परिचालन कार्यविधि, २०७९, र  स्थानीय तहका आयोजनाहरुको विपद\ प्रभाव आंकलन सूचकहरु, २०७९ गरी पाँचवटा अलग अलग कार्यविधिहरु तयार गरेको छ ।

## २.५ तराई मधेशमा संचालन हुने कृषि, पोषण, स्वास्थ्य र पूर्वाधार सम्बन्धी कार्य गर्ने कार्यशर्त

तराई-मधेशका मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका तराई मधेशका सम्पूर्ण २२ जिल्लालाई समेटने गरी नेपाल सरकारले तराई मधेश समृद्धि कार्यक्रम कार्यान्वयन गरेको छ । कृषि, स्वास्थ्य तथा गरिबीको अवस्थामा सुधार, पोषण तथा खाद्य सुरक्षा, भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरुको अलग अलग गुरु योजना तयार गरी सघन रूपमा आर्थिक, सामाजिक, रूपान्तरण गर्न एवम् जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन तराई-मधेश समृद्धि कार्यक्रम मार्फत आवस्यक विकास कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने व्यवस्था रहेको् छ । यस कार्यक्रम कार्यान्वयन गर्न आवश्यक संस्था छनौट गरी कार्य गर्नको लागि प्रतिष्ठानले कार्यशर्त तयार गर्ने कार्य सम्पन्न गरेको छ । जसमा चारवटा अलग अलग कार्यशर्तहरु तयार गरिएको छ ।

## २.६ निर्वाचित स्थानीय सरकारको प्रथम पाँच वर्षे कार्यकाल - उपलव्धी र चुनौती विषयक सेमिनार

संघीय संरचना अनुसार स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको पहिलो पदावधि सकिनै लागेको र नयाँ निर्वाचनको मिति नजिकिएको अवस्थामा स्थानीय सरकारका उपलव्धि र चुनौतीहरुको अवस्था थाहा पाउनु उपयुक्त हुने ठानि यो कार्यक्रम आयोजना गरिएको हो । यसवाट हुने सिकाईले आगामी जनप्रतिनिधिहरुको लागि मार्गदर्शन गर्न सक्नेछ । जसका कारण संघीयता कार्यान्वयन र नागरिक-स्थानीय सरकार विचको सम्वन्ध, समन्वय र सहकार्यका लागि वातावरण सृजना हुनेछ । बिकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको संस्थागत सुदृढीकरणका लागि बहस र पैरवी गर्दै आएको स्वशासन अध्ययन प्रतिष्ठान पछिल्लो समय संघीयतालाई संस्थागत गर्न सहयोग पुग्ने गरी कार्य गरिआएकोछ । यसरी संघीयता र स्थानीय सरकारको सुदृढीकरणका पक्षमा वकालत गर्दै आएको प्रतिष्ठानले आफ्नो स्थापना दिवसका दिन २०७९ वैशाख ६ गते

"निर्वाचित स्थानीय सरकारको प्रथम पाँच वर्षे कार्यकाल-उपलव्धी र चुनौती" विषयक राष्ट्रिय सेमिनार आयोजना गरेको थियो । गोष्ठीमा संघीयताका विज्ञ, जानकार, सरकारी तथा गैर सरकारी निकायका पदाधिकारी र प्रतिष्ठानका सदस्यहरुको उपस्थिति रहेको थियो । गोष्ठीमा संवैधानिक तथा कानूनी क्षेत्र, नीतिगत व्यवस्था, स्थानीय तहको संरचना, पद्धति, मानव संसाधन, संस्थागत क्षमता, वित्तीय श्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र सेवा प्रवाहका समग्र पक्षमा छलफल भएको थियो । यस सेमिनारमा उठान भएका विचार र सुझावहरुलाई सही सम्वोधन गर्न सकेमा संघीयता सुदृढीकरण र स्थानीय सरकारको कामलाई थप व्यवस्थित र नतिजामूलक वनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.७ स्वायत्त शासन पत्रिका प्रकाशन

प्रतिष्ठानको स्वीकृत वार्षिक कार्यक्रम अनुसार "स्वायत्त शासन" को एउटा अंक प्रकाशन गरिएको छ ।

## २.८ टेवल क्यालेण्डर प्रकाशन

सदाझै यस वर्ष पनि स्वशासन अध्ययन प्रतिष्ठानले टेवल क्यालेण्डर प्रकाशन गरेको छ । वि.सं. २०७८ सालको यो क्यालेण्डर प्रतिष्ठानका सदस्यहरुका साथै सरकारी, गैर सरकारी र अन्य सार्वजनिक संस्थाहरुलाई समेत उपलव्ध गराईएको छ ।

**आदरणीय सदस्यज्यूहरु**

अव म २०७८ पौष २५ गते सम्पन्न प्रतिष्ठानको सोह्रौ साधारण सभावाट भएका निर्णय र सोको कार्यान्वयन अवस्था वारेमा संक्षिप्त जानकारी दिन चाहन्छु ।

| क्रस | कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | परिवर्तन परियोजना (इयु, डिसिए संगको साझेदारी) | कार्यान्वयनमा रहेको र २०७९ माघ मा सम्पन्न हुने |
| २ | स्थानीय तहको संस्थागत क्षमता र शासन पद्धति सम्बन्धी प्राविधिक सहयोग कार्यक्रम, विकास साझेदाहरुसंगको सहयोगमा सञ्चालन गरिने (३ वटा कार्यक्रम) । | तिनवटा स्थानीय तहको क्षमता विकास योजनामा प्राविधिक सहयोग गरेको<br>दुई वटा स्थानीय तहको मध्यमकालिन खर्च संरचना तयार गरेको |
| ३ | स्थानीय शासन सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम, प्रतिस्पर्धा र संझौताका आधारमा हुने (४ वटा कार्यक्रम) । | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी पाचँवटा कार्यविधि र मापदण्ड तर्जुमा गरेको । तराई मधेशमा संचालन हुने कृषि, पोषण, स्वास्थ्य र पूर्वाधार सम्बन्धी कार्य गर्ने कार्यशर्त तयार गरेको |
| ४ | स्वायत्त शासन पत्रिका प्रकाशन (१ वटा)। | स्वायत्त शासन पत्रिका प्रकाशन (१ वटा) भएको |

| क्रस | कार्यक्रम | कैफियत |
|---|---|---|
| ५ | क्यालेण्डर छपाई | प्रतिष्ठानको कोषवाट खर्च हुने वार्षिक प्रकाशन भएको |
| ६ | प्रतिष्ठानको प्रगति प्रतिवेदन E-Copy तयारी | वार्षिक प्रकाशन भएको |
| | LOGIN लगायतका अन्तराष्ट्रिय र राष्ट्रिय संस्था/संगठन संगको सहकार्य र सहभागिता | हाल कुनै गतिविधि नभएको |

**<u>आदरणीय सदस्यज्यूहरु</u>**

वर्तमान परिस्थितिलाई ध्यानमा राखी प्रतिष्ठानले आ.व. २०७९/८० मा अवलम्वन गर्ने नीतिहरु यस प्रकार प्रस्ताव गर्न चाहन्छुः

१) आवश्यकता अनुसार स्थानीय तथा राष्ट्रिय सरोकारका विषयहरुमा अध्ययन, अनुसन्धान, अन्तरक्रिया गरी सरकारलाई पृष्ठपोषण गर्ने नीतिलाई निरन्तरता दिने ।

२) सम्वन्ध विकास, साझेदारी, समन्वय र प्रतिष्पर्धाका आधारमा कार्यक्रमहरु खोज गरी कार्यान्वयन गर्ने नीति अनुरुप कार्य गर्दै आएकोमा चालु आवमा पनि यसलाई निरन्तरता दिने ।

३) प्रतिष्ठानका गतिविधि संग सम्वन्ध राख्ने वा यस्तै प्रकारका कार्य गर्ने राष्ट्रिय/अन्तराष्ट्रिय संघ संस्था र निकायहरु संग समन्वय, सञ्जाल र सहकार्य गर्ने नीति लाई निरन्तरता दिने ।

४) प्रकाशनका माध्यमद्वारा सुचना जानकारी र तथ्य तथ्यांकहरु सार्वजनिक गर्दै जाने नीति अनुरुप अर्धवार्षिक रुपमा प्रकाशन गरिएको स्वायत्त शासन वुलेटीनको प्रकाशनलाई निरन्तरता दिने ।

५) मुलुकको वदलिदो परिवेश अनुसार संघीय शासन पद्धतिलाई संस्थागत गर्ने प्रक्रियामा प्रतिष्ठानको सहयोग रहने ।

६) स्थानीय तह र संघ तथा प्रदेश तहका सरकारहरुको क्षमता विकास लगायतका कार्यहरुमा सहयोग र साझेदारी गर्ने नीतिलाई प्राथमिकतामा राख्ने ।

**<u>आदरणीय सदस्यज्यूहरु</u>**

आ.व. २०७९/८० का लागि देहाय वमोजिम प्रस्ताव गरिएका कार्यक्रमहरु पेश गर्ने अनुमति चाहन्छुः

| क्रस | कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | परिवर्तन परियोजना (इयु, डिसिए संगको साझेदारी) | कार्यान्वयनमा रहेको र यसलाई निरन्तरता दिने **(बैठक, गोष्ठी सहित ४१ वटा कार्यक्रम)** |
| २ | स्थानीय तहको संस्थागत क्षमता र शासन पद्धति सम्बन्धी प्राविधिक सहयोग कार्यक्रम | विकास साझेदाहरुसंगको सहयोगमा सञ्चालन गरिने **(२ वटा कार्यक्रम) ।** |
| ३ | स्थानीय शासन सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम | प्रतिस्पर्धा र संझौताका आधारमा हुने **(६ वटा कार्यक्रम) ।** प्रतिष्ठानको कोषवाट खर्च गरिने अध्ययन अनुसन्धान (१) |

| क्रस | कार्यक्रम | कैफियत |
|---|---|---|
| ४ | स्वायत्त शासन पत्रिका प्रकाशन | प्रतिष्ठानको कोषवाट खर्च हुने **(२ वटा)**। |
| ५ | क्यालेण्डर छपाई | प्रतिष्ठानको कोषवाट खर्च हुने वार्षिक प्रकाशन **(१ वटा)** |
| ६ | प्रतिष्ठानको प्रगति प्रतिवेदन E-Copy तयारी | वार्षिक प्रकाशन **(१ वटा)** |
| ७ | LOGIN लगायतका अन्तराष्ट्रिय र राष्ट्रिय संस्था/संगठन संगको सहकार्य र सहभागिता | प्रतिष्ठान लगईन–एसियाको सदस्य रहेकोमा यसलाई निरन्तरता दिने । |

**<u>आदरणीय सदस्यज्यूहरु</u>**

माथि उल्लिखित कार्यक्रमका अलावा प्रतिष्ठानको हीत अनुकुल स्थानीय शासन प्रवद्र्धनका लागि गर्न सकिने सम्भावनाका बारेमा यहाँहरुको सुझाव अपेक्षाकृत छ ।

प्रस्तुत प्रतिवेदन माथि छलफल गरी प्रतिष्ठानको आ व २०७८/७९ को कार्य प्रगति र आ व २०७९/८० को प्रस्तावित नीति तथा कार्यक्रम पारित गरिदिनहुन हार्दिक अनुरोध गर्दछु ।

**<u>अन्त्यमा</u>**

प्रतिष्ठानको गतिविधिमा सहयोग र समन्वय गर्ने सरकारी तथा गैर सरकारी संघ संस्था, सम्वन्धीत पदाधिकारी, विकास साझेदार, अन्तराष्ट्रिय संजाल, प्रतिष्ठानका सदस्य, विज्ञ, परामर्शदाता, कर्मचारी, तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबैलाई प्रतिष्ठानको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

पुरुषोत्तम नेपाल
२०७९/०८/२८, बानेश्वर, काठमाडौं ।



inprotected.com